Chapter - Twenty four

अध्याय चौबीस

Confrontation, Forgiveness and Reconciliation
झै–झगडा, क्षमा र मिलाप

सुरुको अध्यायमा हामीले प्रभु येशूको डाँडाको उपदेश अध्ययन गर्दा, हामीलाई हाम्रो बिरुद्धमा अपराध गर्ने मानिसहरूलाई क्षमा दिनु कति महत्वपूर्ण रहेछ भन्ने कुरा हामीले सिक्यौँ । यदि हामीले तिनीहरूलाई क्षमा गर्दैनौँ भने, परमेश्वरले हामीलाई क्षमा गर्नु हुने छैन भनेर प्रभु येशूले कडाइकासाथ प्रतिज्ञा गर्नु भएको छ (हेर्नुहोस् मत्ती ६:१४-१५) ।

कसैलाई क्षमा गर्नुको अर्थ के हो ? धर्मशास्त्रले के सिकाउँदछ भन्ने कुरालाई हामी अब बिचार गरौँ ।

प्रभु येशूले क्षमा दिने कुरालाई कसैको ऋण माफी गर्ने कुरासँग तुलना गर्नु भएको छ (हेर्नुहोस् मत्ती १८:२३-३५) ।

कसैले तपाईको पैसा ऋणमा लगेको छ र त्यो ऋण चुक्ता गर्ने कुराबाट त्यस व्यक्तिलाई छुटकारा गरिएको छ भन्ने कुरालाई कल्पना गर्नुहोस् । तपाईले उसको नाममा भएको ऋणको रेकर्ड गरिएका कागजातहरूलाई नष्ट गरी दिनु हुन्छ । अब तपाईंले उबाट त्यो ऋण तिरोस् भन्ने आशा गर्नु हुन्न र तपाईको ऋिणीसँग तपाई रिसाउनु पनि हुन्न । अब तपाईले उसलाई तपाईको पैसा ऋिणमा चलाएको समयभन्दा भिन्नै तवरले हेर्नु हुन्छ ।

परमेश्वरबाट क्षमा पाउनुको अर्थ के हो भनेर यदि हामीले जान्यौँ भने क्षमा दिनुको अर्थ पनि के हो भन्ने कुरालाई हामीले झन राम्रोसँग बुझ्न सक्दछौँ । जब उहाँले हाम्रो पाप क्षमा गर्नु हुन्छ, तब उहाँले हामीले उहाँलाई अप्रसन्न तुल्याएको कुराको हिसाब फेरि राख्नु हुन्न । त्यो पापको कारण अब फेरि उहाँ कहिले रिसाउनु हुन्न । उहाँले हामीले गरेको पापको लागि हामीलाई ताडना वा सजाय दिनु हुने छैन ।

त्यसरी नै, यदि मैले साँच्चै नै कसैलाई क्षमा गर्दछु भने, मैले त्यस व्यक्तिलाई हृदयदेखि नै उसलाई दया गरेर न्याय वा बदलाको लागि भएको मेरो इच्छामाथि विजय गरेर छुटकारा दिनु पर्दछ । मेरो बिरुद्धमा अपराध गर्ने त्यो व्यक्तिसँग अब म फेरि रिसाइरहनु हुँदैन । हामीले मिलाप गरेका हुन्छौ । यदि मैले कसैको बिरुद्धमा मेरो रिसलाई आश्रय दिइरहेको छु वा बैमनस्य राखी छोडेको छु भने, मैले उसलाई क्षमा दिएको छुइन ।

यस सम्बन्धमा खीष्टियनहरूले प्राय : गरेर आफूलाई मूर्ख बनाएका हुन्छन् । तिनीहरूले कसैलाई क्षमा गर्नु पर्दछ भनेर जानेकै कारण क्षमा दिई सकेको छु भनेर भन्दछन् , तर तिनीहरूको भित्रपट्टि चाँहि तिनीहरूले बैमनस्यलाई अझै पनि आश्रय दिइरहेका हुन्छन् । तिनीहरूले आफूले क्षमा गर्नु पर्ने व्यक्तिलाई देख्न पनि चाहँदैनन् । किनभने त्यस कुराले तिनीहरूको रीस फेरि पनि सतहमा आउँदछ । म के भनिरहेकोछु भनेर मलाई थाहा छ, किनभने मैले पनि त्यसै गरेकोछु । आउनुहोस् , अब हामीले आफैलाई मूर्ख नबनाऔँ । प्रभु

येशूले हामीलाई हाम्रो संगी-विश्वासीसँग नरिसाएका हौँ भनेर समेत चाहनु हुन्छ भन्ने कुरालाई स्मरण गर्नुहोस् (हेर्नुहोस् मत्ती ५:२२)।

अब म तपाईलाई एउटा प्रश्न सोद्धछु : कसलाई क्षमा दिन सजिलो हुन्छ, क्षमा माग्ने व्यक्तिलाई कि क्षमा नमाग्ने व्यक्तिलाई ? वास्तवमा, आफ्नो गल्ती स्वीकार गरेर क्षमा माग्ने व्यक्तिलाई क्षमा दिन सजिलो हुन्छ भनेर हामी सबैजना सहमत हुन्छौँ । क्षमा नमाग्ने व्यक्तिलाई भन्दा क्षमा नमाँग्ने व्यक्तिलाई क्षमा दिन व्यवहारिक रूपमा असम्भव हुन्छ जस्तो देखिन्छ ।

अब हामी यसलाई अर्को तरिकाले हेरौँ । यदि पश्चाताप गर्ने व्यक्तिलाई क्षमा दिन इन्कार गरिन्छ भने, त्यी दुवै कुरा गलत हो, कुन चाँहि सबभन्दा ठूलो पाप हो भनेर हामी सबैजना सहमत हुन्छौं जस्तो मलाई लाग्दछ ।

A surprise from scripture
धर्मशास्त्रबाट आश्चर्यजनक कुरा

यी सबै कुराले मलाई अर्को प्रश्नतिर डोऱ्याउँदछ : आफैलाई नम्र तुल्याएर आफ्नो पाप स्वीकार नगरेर क्षमासमेत नमाँग्ने हाम्रो बिरुद्धमा पाप गर्ने हरेकलाई हामीले क्षमा गरेका हौं भन्ने कुराको अपेक्षा के परमेश्वरले गर्नु हुन्छ त ?

जब हामी धर्मशास्त्रलाई गहिरो रूपमा अध्ययन गर्दछौँ, तब त्यसको जवाब "होइन" भन्ने कुरा हामी पाउँदछौं । धेरै खीष्टियनहरूको आश्चर्यजनक कुराको लागि धर्मशास्त्रले स्पष्ट रूपमा भन्दछ, कि हामीहरूले हरेकलाई प्रेम गर्नु पर्छ भनेर आज्ञा गरिएको भए तापनि, हरेकलाई क्षमा गर्नु पर्छ भनेर हामीलाई भनिएको छैन ।

उदाहरणको लागि, हाम्रो बिरुद्धमा अपराध गर्ने हाम्रो सङ्गी विश्वासीलाई हामीले क्षमा गरेका हौँ भनेर के प्रभु येशूले सामान्य तवरले अपेक्षा गर्नु हुन्छ ? अहँ, उहाँले गर्नु हुन्न । नत्रभने त, उहाँले मत्ती १८:१५-१७ मा सुचित गरिएको मिलापका चारवटा कदमहरूलाई अनुसरण गर्नु भनेर भन्नु हुने थिएन, जुन कदमहरूले यदि त्यस व्यक्तिले पश्चाताप गर्दैन भने उसँगको संचारको अन्त गरिदिने काम गर्दछन् :

"तिम्रो भाइले तिम्रो बिरुद्धमा अपराध गऱ्यो भने गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाई देऊ, यदि त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो । तर त्यसले सुनेन भने आफ्नो साथ अरु एक वा दुईजनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस् । यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गऱ्यो भने मण्डलीलाई भन । त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि बिधर्मी र कर उठाउने सरह होस् ।"

स्पष्ट रूपमा, यदि चौथो कदमसम्म पुगिएको छ भने (बहिस्कारको अवस्थासम्म) क्षमा र बहिस्कार असामान्जस्य कार्यहरू भएकोले, त्यस व्यक्तिलाई क्षमा दिइन्दैन । कसैले "हामीले त्यसलाई क्षमा दिएर त्यसपछि बहिस्कार पनि गरी दियौं" भनेको सुन्दा अनौठो लाग्न सक्छ, किनभने क्षमाको परणाम सम्बन्धको बिच्छेद होइन तर मिलाप हो (यदि परमेश्वरले "मैले तिमीलाई क्षमा दिएँ, तर अबदेखि तिमीसँग मेरो केही काम छैन" भनेर भन्नु भयो भने, तपाईलाई के लाग्छ ?) । प्रभु येशूले त्यस बहिस्कार गरिएको व्यक्तिलाई यहूदीहरूसँग सम्बन्ध

नभएका र तिनीहरूबाट घृणित भएका दुई प्रकारका मानिसहरू "बिधर्मी (अन्य जाति) र कर उठाउनेहरू" को रूपमा व्यवहार गर्नु भनी हामीलाई भन्नु भएको छ ।

अपराध गर्ने व्यक्तिले पश्चाताप नगरुन्जेलसम्म पहिलो, दोस्रो वा तेस्रो कदम लिई सकेपछि उसले पश्चाताप गरेन भने मात्रै चौथो कदममा उसलाई क्षमा नदिनु भनेर भन्नु भयो । यदि उसले कुनै पनि अवस्थामा पश्चाताप गर्दैन भने, उसलाई अर्को कदममा लैजानु पर्छ र अझै पनि उसलाई पश्चाताप नगरेको अपराधकै रूपमा व्यवहार गरिनु पर्दछ । त्यो अपराध गर्ने व्यक्तिले "तपाईको कुरा स्वीकार गऱ्यो भने" मात्रै (त्यो चाँहि, पश्चाताप गऱ्यो भने), तपाईंले आफ्नो भाइलाई आफ्नो बनाउनु भयो" भनेर भन्न सकिन्छ (त्यो चाँहि मिलाप गरेको भयो) ।

झै–झगडाको लागि प्रयोजन हुन्छ जसले गर्दा क्षमादान प्रदान गर्न सकिन्छ । जे भए तापनि, अपराध गर्ने व्यक्तिको पश्चातापमाथि क्षमादान प्रदान गरिन्छ । त्यसैले हामी (१) अपराध गर्ने व्यक्तिले पश्चाताप गरोस् भन्ने आशाले (२) उसँग सामना गर्दछौँ (३) जसले गर्दा हामीले उसलाई क्षमा दिन सक्छौँ ।

यी सबै कुरा यस्तै भएर, हाम्रो बिरुद्धमा अपराध गर्ने र उसँगको सामना पश्चात पनि पश्चाताप नगर्ने सङ्गी-विश्वासीलाई केवल क्षमादान दिनको लागि परमेश्वरले हामीबाट निश्चय अपेक्षा गर्नु हुन्छ भनेर हामी भन्न सक्छौं । यसले वास्तवमा, अपराध गर्ने विश्वासीलाई घृणा गर्ने अधिकार चाँहि दिँदैन । बरु त्यसको अलावा, हामीले त्यो व्यक्तिलाई प्रेम गरेको र त्यसलाई क्षमा दिएर उसँग मिलाप गर्न चाहने भएको कारण त्यसको क्षमा गर्ने काम गर्दछौँ ।

तरै पनि प्रभु येशूले दिनु भएका तीनवटा कदमहरूद्वारा मिलापको लागि हरेक कदममा हामीले प्रयत्न गर्दा पनि भएन भने चौथो कदमले खीष्टको आज्ञापालनमा भएको सम्बन्धलाई समाप्त गरी दिन्छ ।[६३] जसरी व्यभिचार गर्ने, पियक्कड, समलिङ्गी तथा त्यस्तै अरु कार्यहरू गर्ने खीष्टियन भनाउँदाहरूसँग हाम्रो कुनै पनि संगति हुँदैन (हेर्नुहोस् १ कोरिन्थी ५:११), त्यसरी नै सम्पूर्ण खीष्टको शरीरको सामञ्जस्यतामा पश्चाताप गर्न नचाहने कुनै पनि खीष्टियन भनाउदाहरूसँग संगति गर्नु हुँदैन । यस्तो प्रकारका मानिसहरूले तिनीहरूको खाँचो अनुयायीहरू होइनन् भनेर आफैलाई प्रमाणित गरेका छन् र तिनीहरूले उहाँको मण्डलीमा निन्दा ल्याउँदछन् ।

God's Example
परमेश्वरको उदाहरण

जब हामीले अरुहरूलाई क्षमा गर्नको लागि हाम्रा अरु जिम्मेवारीहरूको बारेमा बिचार गर्दछौँ, तब हामीले परमेश्वरले गर्न नचाहनु भएको कुरा हामीले गरेका हौँ भनी उहाँले किन अपेक्षा गर्नु हुन्छ भनेर अचम्भ मान्न पनि सक्छौँ । निश्चय पनि परमेश्वरले दोषी मानिसहरूलाई प्रेम गर्नु हुन्छ र तिनीहरूलाई क्षमा गर्नको लागि आफ्नो कृपापूर्ण हात तिनीहरूप्रति फैलाउनु हुन्छ । उहाँले आफ्नो क्रोध झिकेर तिनीहरूलाई पश्चाताप गर्न समय दिनु हुन्छ । तर वास्तवमा तिनीहरूले क्षमा पाएको कुरा तिनीहरूकै पश्चातापमाथि भर पर्दछ ।

---

[६३] यदि बहिस्कार गरिएको व्यक्तिले पछि गएर पश्चाताप गऱ्यो भने, प्रभु येशूले त्यो क्षमा दिइएको होस् भन्ने कुराको अपेक्षा गर्नुहुन्छ कि हुन्न भन्ने कुराको प्रश्न खडा हुन्छ ।

दोषी मानिसहरूले पश्चाताप नगरुन्जेलसम्म तिनीहरूलाई परमेश्वरले क्षमा गर्नु हुन्न । त्यसो भए हामीबाट उहाँले अरु धेरै कुरा चाहनु हुन्छ भनेर हामीले किन सोँच्ने ?

यी सबै यस्तै भएर हामीबाट क्षमा माँग्नेहरूलाई बिशेष गरेर क्षमा नदिएको पाप परमेश्वरको दृष्टिमा अति नै सन्तापित हुन्छ भन्ने कुरा के सम्भव छैन र ? प्रभु येशूले मण्डलीको अनुशासन सम्बन्धी दिनुभएको चौथो कदमपछि पत्रुसले सोधेको कुरा चाखलाग्दो छ, "प्रभु मेरो भाइले कतिपल्ट मेरो बिरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने ? के सातपल्टसम्म ?" प्रभु येशूले तिनीलाई भन्नु भयो, "म तिमीलाई भन्दछु , सातपल्ट होइन, तर सत्तरी गुणा सातपल्ट" (मत्ती १८:२१-२२) ।

पश्चाताप नगर्ने भाइले सयपल्ट पाप गऱ्यो भने सयपल्ट नै क्षमा दिएको हुनु पर्छ भनी प्रभु येशूले अपेक्षा गरिरहनु भएको थियो भनी के पत्रुसले सोँचेको थियो, जबकि प्रभु येशूले भर्खरै पश्चाताप नगर्ने भाइलाई उसको एउटा पापको कारण बिधर्मी (अन्य जाति) वा कर उठाउनेलाई झैँ व्यवहार गर्नु भनी भन्नु भएको थियो ? त्यो कुरा एकदम अनुचित जस्तो लाग्दछ । फेरि पनि, यदि तपाईले उसलाई क्षमा गरी सक्नु भएको छ भने, उसलाई तपाईले घृणित व्यक्तिको रूपमा व्यवहार गर्नु हुँदैन । हाम्रो सोँचाईलाई उत्पन्न गर्ने अर्को प्रश्न यस्तो छ :यदि पश्चाताप नगर्ने विश्वासीले सयपल्टसम्म पनि कहिले पश्चाताप गर्दैन भने त्यस्तो विश्वासीलाई क्षमा गरिएको होस् भन्ने प्रभु येशूले हाम्रो सम्बन्धलाई स्थापित गर्दै अपेक्षा गर्नु हुन्छ भने, हाम्रो वैवाहिक जीवनमा व्यभिचार जस्तो एउटा पाप मात्रै गरेर पश्चाताप नगर्दा किन उहाँले हाम्रो वैवाहिक सम्बन्धलाई समाप्त गर्ने अनुमति दिनु हुन्छ त (हेर्नुहोस् मत्ती ५:३२) ?[६३] त्यो त बरु असंगति जस्तो पो देखिन्छ त ।

An Elaboration
एक संक्षेप

प्रत्यक्ष रूपमा प्रभु येशूले पत्रुसलाई आफ्नो भाइलाई चारसय नब्बेपल्ट क्षमा गर्नु पर्दछ भनेर भनी सक्नु भएपछि, उहाँले के भन्न खोज्नु भएको थियो भनेर पत्रुसलाई बुझाउनको लागि दृष्टान्त भन्नु भयो : "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे । जब तिनले हिसाब लिन लागे, दश हजार सुनको सिक्का ऋण लिने एकजनालाई तिनीकहाँ ल्याइयो (प्रभु येशूको समयमा त्यो औसत श्रमिकहरूको लागि दिइने ५००० बर्षको लागि ज्याला थियो) तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका स्वास्नी र छोरा–छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए । तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, "मालिक, ममाथि धैर्य गर्नुहोस् , म तपाईको सबै ऋण चुकाउनेछु ।" अनि त्यस नोकरको मालिकले टिठयाएर त्यसलाई छोडी दिए र त्यसको ऋण माफि गरी दिए । तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एकजनालाई भेट्यो, जो त्यसको एकसय चाँदीका सिक्काको ऋणी थियो (एकसय दिनको ज्याला बराबरको) उसले त्यसलाई घोक्रामा पक्रेर भन्यो, "तेरो

[६३] यदि व्यभिचारी जोडी खीष्टियन हो भने, सम्बन्ध बिच्छेदको कदममा जानुभन्दा अगाडि मिलापको लागि प्रभु येशूले भन्नु भएको तीनवटा कदमहरूद्वारा भएर हामी जानु पर्दछ । यदि त्यो व्यभिचार गर्ने व्यक्तिले पश्चाताप गर्दछ भने, प्रभु येशूले आज्ञा गर्नु भए अनुसार हामीले क्षमा गरेको हुनु पर्दछ भन्ने अपेक्षा गरिएको छ ।

ऋण तिरिहाल ।" त्यसैले त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ति गऱ्यो, "ममाथि धैर्य गर, र म तिमीलाई सबै तिरि दिनेछु ।" तर त्यो मानेन, र गएर ऋण नतिरुन्जेलसम्म उसलाई भ्यालखानामा हाली दियो । त्यसका सङ्गी-नोकरहरूले यी सब देखेर तिनीहरू अति दुखित भए । तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताई दिए । अनि मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, "ए दुष्ट नोकर, तैंले मसँग बिन्ति गरिस् र मैले तँलाई तेरो ऋण मापी गरी दिएँ । मैले तँमाथि दया गरेझैँ तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नु पर्ने थिएन ? तब त्यसको मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुन्जेलसम्म दण्ड दिनेहरूका हातमा सुम्पिदिए । तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनु हुने मेरा पिताले पनि तिनीहरूसँग त्यस्तै गर्नु हुनेछ" (मत्ती १८:२३-३५) ।

पहिलो नोकरले आफ्ना मालिकसँग माफी मागेको कारण उसलाई तिनले क्षमा गरी दिएको कुरालाई ध्यान दिनुहोस् । अनि दोस्रो नोकरले पनि पहिलो नोकरसँग नम्रतापूर्वक क्षमा मागेको कुरालाई पनि ध्यान दिनुहोस् । पहिलो नोकरले दोस्रो नोकरलाई उसले पाएको जस्तो माफी गरी दिएन र त्यसको कारणले त्यसको मालिक रिसाएको थियो । प्रभु येशूले आफ्नो दृष्टान्तमा उल्लेख नगर्नु भएको उपमा जस्तै कहिले पनि क्षमा नमागेको एक अपश्चातापी भाइलाई क्षमा दिनको लागि पत्रुससँग अपेक्षा गरिरहनु भएको थियो भनेर पत्रुसले सोँचेको थियो ? त्यस्तो त देखिन्दैन, र त्योभन्दा बढी अपश्चातापी भाइलाई राम्रोसँग सामना गरी सकेपछि उसलाई अन्यजातिहरू वा कर उठाउनेहरूलाई जस्तै व्यवहार गर्नु भनेर मात्र भर्खरै प्रभु येशूले भन्नु भएको थियो ।

यो कुरा यस्तो पनि देखिन्छ, कि यदि हामीले हाम्रो हृदयबाट हाम्रो भाइलाई क्षमा गर्दैनौ भने प्रभु येशूले प्रतिज्ञा गर्नु भएको सजायको प्रकाशमा एउटा पश्चाताप नगर्ने भाइलाई क्षमा दिनको लागि आशा गरिएको थियो भनेर पत्रुसले सोँचेको हुन सक्छ । हाम्रा पहिलेका सबै क्षमा भएका ऋणहरू पुनः स्थापित हुनेछन् र हामीले कहिले पनि तिर्न नसक्ने कुरा हामीले नतिरुन्जेलसम्म दण्ड दिनेहरूको हातमा हामीलाई सुम्पी दिइनेछ भनेर प्रतिज्ञा गर्नु भएको छ । परमेश्वरले समेत क्षमा नगर्नु हुने त्यो आफ्नो भाइलाई क्षमा नगर्ने खीष्टियनको निम्ति के त्यो एउटा सजाय मात्र हो ? यदि एउटा भाइले मेरो बिरुद्धमा पाप गर्दछ भने, उसले परमेश्वरको बिरुद्धमा पाप गर्दछ र उसले पश्चाताप नगरुन्जेलसम्म परमेश्वरले उसलाई क्षमा गर्नु हुन्न । उहाँले क्षमा नगरेको व्यक्तिलाई मैले क्षमा नगर्दा के परमेश्वरले मलाई सजाय दिन सक्नु हुन्छ त ?

A Synopsis
एउटा संक्षेप

लूका १७:३-४ मा प्रभु येशूका वचनहरूद्वारा उहाँले हाम्रो क्षमा दिने सङ्गी–विश्वासीहरूको लागि गर्नु भएको अपेक्षा के हो भनेर संक्षिप्त रूपमा उल्लेख गरिएको छ :

"आफ्नो विषयमा होशियार बस । तिम्रो भाइले अपराध गऱ्यो भने त्यसलाई हप्काऊ र त्यसले पछितो गऱ्यो भने तिमीले त्यसलाई क्षमा गर । अनि यदि तिम्रो भाइले दिनमा सातपल्ट तिम्रो बिरुद्धमा अपराध गऱ्यो र सातैपल्ट तिमीकहाँ फर्की आएर "म पछुतो गर्छु" भन्यो भने तिमीले त्यसलाई क्षमा गर्नु" ।

यो कुरा योभन्दा कति स्पष्ट हुनु पर्दछ र ? हाम्रा सङ्गी–विश्वासीहरूले पश्चाताप गर्दा हामीले तिनीहरूलाई क्षमा गर्नु पर्दछ । जब हामी प्रार्थना गर्दछौं, "हाम्रा अपराधीहरूलाई हामीले क्षमा गरेझैं, हाम्रा अपराधहरू क्षमा गरी दिनुहोस्" भनेर भन्दछौं, यसो गर्दा हामीले अरुहरूलाई जे गरेका छौं त्यही गर्नको लागि परमेश्वरसित बिन्ति गरिरहेका हुन्छौं । हामीले क्षमा नमागेसम्म उहाँबाट हामीले क्षमाको अपेक्षा कहिले पनि गर्न सक्दैनौं । त्यसो भए जसले क्षमा नै माग्दैनन् तिनीहरूलाई हामीले क्षमा दिएका हौं भनेर उहाँले अपेक्षा गर्नु हुन्छ भनेर हामीले किन सोच्ने ?

फेरि पनि, हाम्रो बिरुद्धमा पाप गर्ने खीष्टमा भएका हाम्रा दाजु–भाइ तथा दिदी–बहिनीहरूको बिरुद्धमा हामीले बैमनस्यलाई आश्रय दिनको लागि यस कुराले अधिकार दिँदैन । हामीलाई एकले अर्कालाई प्रेम गर्नको लागि आज्ञा गरिएको छ । त्यसैकारण हाम्रो बिरुद्धमा अपराध गर्ने सङ्गी-विश्वासीसँग सामना गर्नु पर्ने कुराको लागि तिनीहरूले गरेको बहाना मात्र हो । वास्तवमा, तिनीहरूले क्षमा गर्दैनन् र यो कुरा तिनीहरूको कामबाट नै स्पष्ट हुन्छ । जुन सुकै मुल्य चुकाएरै भए पनि तिनीहरूको कामबाट नै स्पष्ट हुन्छ । जुन सुकै मुल्य चुकाएरै भए पनि तिनीहरूले आफ्ना अपराधीहरूलाई इन्कार गर्दछन् र प्राय : गरेर तिनीहरूलाई उनहरूले चोट पुऱ्याउने प्रकारका कुराहरू बोल्दछन् । त्यहाँ मिलाप नै हुँदैन ।

हामीले पाप गर्दा परमेश्वरले हामीलाई हामीभित्र हुनु भएको पवित्र आत्माद्वारा सामना गर्नु हुन्छ, किनभने उहाँले हामीलाई प्रेम गर्नु हुन्छ र हामीलाई क्षमा गर्न चाहनु हुन्छ । हामीले हाम्रो बिरुद्ध पाप गर्ने सङ्गी-विश्वासीहरूलाई प्रेमपूर्वक सामना गर्दै उहाँको अनुकरण गर्नु पर्दछ, जसले गर्दा त्यहाँ पश्चाताप, क्षमा र मिलाप भन्ने कुरा हुनेछ ।

परमेश्वरले सँधै आफ्ना मानिसहरूबाट बिशुद्ध रूपमा एकले अर्कालाई यस्तो प्रेम गरुन् भन्ने कुराको अपेक्षा गर्नु हुन्छ, कि जुन् प्रेममा बैमनस्यता नभएर एकले अर्कालाई सुधारको लागि हप्काउन समेत अनुमति दिन्छ । मोशाको व्यवस्थाभित्र आज्ञा पनि समावेश गरिएको छ : "आफ्नो भाइ–बन्धुसित हृदयमा दुश्मनी नराख, आफ्नो छिमेकीलाई खुल्लमखुल्ला नहप्काओ, नत्रता तँ पनि त्यसको अपराधमा सहभागी होलास् । आफ्ना आफन्तहरूसित बदला लिन नखोज, र इबी नराख, तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर, मनै परमप्रभु हुँ" (लेवी १९:१७-१८) ।

An Objecton
एउटा आपत्ति

तर मर्कूस ११:२५-२६ मा भएको प्रभु येशूका वचनहरूको बारेमा चाँहि के त ? मानिसहरूले हामीसँग क्षमा मागे पनि वा नमागे पनि हरेक कुराको लागि व्यक्तिलाई क्षमा गर्नु पर्छ भनेर के तिनीहरूले देखाउँदैनन् र ?

"जब तिमीहरू प्रार्थना गर्न खडा हुन्छौ, तब कसैको बिरुद्धमा तिमीहरूको केही छ भने, क्षमा गर, ताकि स्वर्गमा हुनु हुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरी दिऊन् । तर यदि क्षमा गरेनौ भने, स्वर्गमा हुनु हुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नु हुने छैन ।"

यस विषयमा हामीले पहिले नै हेरेका अरु सबै पदहरूमध्येमा यो एउटा पदले मात्र स्थान लिँदैन । हामीले पहिलेबाटै थाहा पायौँ, कि हामीसँग क्षमा माँग्ने मानिसहरूलाई हामीले क्षमा नदिँदा परमेश्वरलाई कति सन्ताप हुन्छ । त्यसैले हामीले यस पदलाई राम्ररी स्थापित भएको तथ्य कुराको प्रकाशमा व्याख्या गर्न सक्दछौँ । यदि हामीले परमेश्वरबाट क्षमा पाउन चाहन्छौँ भने, हामीले पनि अरुहरूलाई क्षमा दिनु पर्छ भनेर मात्र प्रभु येशूले यहाँ जोड् दिइरहनु भएको छ । उहाँले क्षमा सम्बन्धी कुनै बिशेष यान्त्रिक कुराहरू यहाँ भनिरहनु भएको छैन ।

प्रभु येशूले उहाँबाट क्षमा पाउनको लागि हामीले परमेश्वरसित क्षमा मागेको हुनु पर्छ भनेर पनि भनिरहनु भएको छैन भन्ने कुरालाई समेत ध्यान दिनुहोस् । त्यसो भए, के हामीले परमेश्वरलाई कति सन्ताप दिइरहेका छौं । त्यसैले हामीले यस पदलाई राम्ररी स्थापित भएको तथ्य कुराको प्रकाशमा व्याख्या गर्न सक्दछौँ । यदि हामी परमेश्वरबाट क्षमा पाउन चाहन्छौँ भने, हामीले पनि अरुहरूलाई क्षमा दिनु पर्छ भनेर मात्र प्रभु येशूले यहाँ जोड् दिइरहनु भएको छ । उहाँले क्षमा सम्बन्धी कुनै बिशेष यान्त्रीक कुराहरू यहाँ भनिरहनु भएको छैन ।

प्रभु येशूले उहाँबाट क्षमा पाउनको लागि हामीले परमेश्वरसित क्षमा मागेको हुनु पर्छ भनेर पनि भनिरहनु भएको छैन भन्ने कुरालाई समेत ध्यान दिनुहोस् । त्यसो भए, के हामीले परमेश्वरको क्षमादान सम्बन्धी धर्मशास्त्रले सिकाएको प्रत्येक कुरालाई हामीले यो माँग्नु पर्छ भन्ने कुरामाथि भविष्यवाणी गरेको भनेर अवहेलना गरौँ त (हेर्नुहोस् मत्ती ६:१२, १ यूहन्ना १:९) ? प्रभु येशूले उल्लेख नगर्नु भएकोले हामीले पाप गर्दा परमेश्वरबाट क्षमा माँग्न आवश्यक छैन भनेर के हामीले मानिलिने त ? धर्मशास्त्रले हामीलाई जे कुरा भन्दछ त्यसको आधारमा त्यो कुरो बुद्धिमानीपूर्ण हुँदैन । अरुहरूले हामीसँग क्षमा मागेको आधारमा हामीले तिनीहरूलाई क्षमा दिने सम्बन्धमा धर्मशास्त्रले सिकाएको हरेक कुरालाई अवहेलना गर्नु भनेको पनि त्यत्तिकै मुर्खतापूर्ण हुन्छ ।

Another Objection
अर्को आपत्ति

प्रभु येशूले आफ्नो कपडा लगाउने सिपाहीहरूको निम्ति "पिता, तिनीहरूलाई क्षमा गरी दिनुहोस्, किनभने तिनीहरूले के गरिरहेका छन् , सो तिनीहरू जान्दैनन्" (लूका २३:३४) भनेर के उहाँले प्रार्थना गर्नु भएको थिएन ? मानिसहरूले क्षमा नमागिकनै परमेश्वरले तिनीहरूलाई क्षमा गर्नु हुन्छ भनेर यसले देखाउँदैन ।

यसले गर्छ, तर एउटा निश्चित अवस्थामा मात्रै । परमेश्वरले अन्जानहरूलाई क्षमाको रूपमा कृपा गर्नु हुन्छ । परमेश्वर पूर्ण रूपमा न्यायी हुनु हुन्छ, मानिसहरूलाई तिनीहरूले पाप गरिरहेका छन् भनेर जानेकोमा मात्रै उहाँले त्यसको लेखा लिनु हुन्छ ।

प्रभु येशूले सिपाहीहरूको लागि प्रार्थना गर्नु भएको कुराले स्वर्गमा तिनीहरूको स्थानलाई ठोकुवा दिएको थिएन – तर तिनीहरूले परमेश्वरका पुत्रको कपडा भाग लगाएकोमा तिनीहरू उत्तरदायी हुनु पर्ने थिएन र तिनीहरूले उहाँलाई उहाँ को हुनु हुन्छ भनी नजानेको कारणले मात्र उहाँले तिनीहरूको लागि प्रार्थना गरी दिनु भएको थियो भनेर मात्र यो प्रार्थनाले निश्चित गराउँदछ । तिनीहरूले उहाँलाई प्राण दण्डको लागि योग्य एक अपराधीको रूपमा मात्रै

विचार गरेका थिए । त्यसैले तिनीहरूले वास्तवमै गरिरहेको कामको लागि तिनीहरूले पाउने न्यायको निम्ति परमेश्वरले आफ्नो कृपा फैलाउनु भयो ।

हामीले पनि ती मानिसहरूको लागि कृपा देखाउनु पर्दछ जसले हाम्रो निम्ति प्रभु येशूको कपडालाई अन्य जाति सिपाहीहरूको भाग लगाएझैँ अन्जानमा हाम्रो बिरुद्धमा काम गरेका छन् । हामीले अविश्वासीहरूलाई छिट्टै कृपा गरेको हाम्रा शत्रुहरूलाई प्रेम गरेको, हामीलाई घृणा गर्नेहरूलाई भलाई गरेको, हामीलाई सराप्नेहरूलाई आशिष दिएको र हामीप्रति गलत व्यवहार गर्नेहरूको लागि प्रार्थना गरी दिएको प्रभु येशू चाहनु हुन्छ (हेर्नुहोस् लूका ६:२७-२८) । हामीले तिनीहरूको घृणालाई हाम्रो प्रेमले पगाल्न, र खराबीलाई भलाइले जित्नको लागि प्रयत्न गर्नु पर्दछ । यो अवधारणा मोशाको व्यवस्थामा पनि उल्लेख गरिएको थियो– "यदि तिमीहरूले आफ्नो शत्रुको गोरु र गधा बिच्केर जाँदै गरेको देख्यौ भने, त्यसलाई फर्काएर फेरि त्यसकहाँ ल्याई देओ । तिमीहरूसित रिस-इबी गर्नेको गधा भारीले थिचेको देख्यौ भने, त्यसलाई त्यतिकै नछोड, तर त्यसलाई उठाओ" (प्रस्थान २३:४-५) ।

"यदि तेरो शत्रु भोकाएको छ भने, त्यसलाई खानको निम्ति भोजन देओ, र यदि त्यो तिर्खाउँछ भने, त्यसलाई पिउन पानी देओ, किनकि यसो गर्नाले तैँलै त्यसको टाउकोमा जलिरहेको भुङ्ग्रो खन्याउने छस् र परमप्रभुले तँलाई इनाम दिनु हुनेछ" (हितोपदेश २५:२१-२२) ।

यो कुरा चाख लाग्दो छ, कि प्रभु येशूले हामीलाई हाम्रा शत्रुहरूलाई प्रेम गर्न, हामीलाई घृणा गर्नेहरूको भलाई गर्न, हामीलाई सराप्नेहरूलाई आशिष दिन, र हामीप्रति खराब व्यवहार गर्नेहरूको निम्ति प्रार्थना गरी दिनु भनेर आज्ञा गर्नु भए तापनि (हेर्नुहोस् लूका ६:२७-२८), तिनीहरूमध्ये कुनैलाई क्षमा गरी दिनु भनी उहाँले कहिले हामीलाई भन्नु भएको छैन । वास्तवमा हामीले मानिसहरूलाई क्षमा नगरे पनि प्रेम गर्न सक्छौँ – जसरी परमेश्वरले मानिसहरूलाई क्षमा नगरेको भए तापनि तिनीहरूलाई प्रेम गर्नु हुन्छ । हामीले तिनीहरूलाई प्रेम गर्न मात्र सक्ने होइन, तर परमेश्वरले हामीलाई प्रेम गर्नु भनेर आज्ञा गर्नु भए बमोजिम हामीले तिनीहरूलाई प्रेम गर्नु पर्दछ । अनि हाम्रो कामहरूद्वारा तिनीहरूप्रति हामीले गरेको प्रेम प्रकट भएको हुनु पर्दछ ।

प्रभु येशूले आफ्नो कपडा भाग गर्ने सिपाहीहरूको लागि पितासँग तिनीहरूलाई क्षमा गरी दिनुहोस् भनी प्रार्थना गर्नु भएको कुराको कारणले मात्र यो कुरा प्रमाणित गरी दिँदैन ताकि यस बिषयमा हामीले अध्ययन गरेको धर्मशास्त्रमा भएको हरेक कुरालाई ध्यान नदिएका होऔँ भनेर र हाम्रो बिरुद्धमा आउने हरेकलाई हामीले क्षमा गरेका होऔँ भनी परमेश्वर चाहनु हुन्छ । यसले त बरु यो कुरा सिकाउँछ, कि जसले हाम्रो बिरुद्धमा अन्जानमा पाप गर्दछ त्यसलाई हामीले क्षमा गर्नु पर्दछ र अविश्वासीहरूलाई छुट्टै कृपा देखाउनु पर्दछ ।

The Practice of Matthew 28:15-1
मत्ती १८:१५-१७ को अभ्यास

प्रभु येशूले दिनु भएका चारवटा मिलापका कदमहरूलाई बुझ्नको लागि सामान्य प्रकारको भए तापनि, वास्तवमा तिनीहरूलाई व्यवहारमा उतार्नु चाँहि अलिक जटिल हुनसक्छ । जब प्रभु येशूले ती चारवटा कदमहरूको सूची दिनु भयो, तब उहाँले यो दिँदा यस्तो विचारले दिनु

भएको थियो, कि 'क' भन्ने भाइले आफ्नो गल्ती स्वीकार गऱ्यो र ठीक त्यस्तै प्रकारले, अनि 'ख' भन्ने भाइले उसको बिरुद्धमा अपराध गऱ्यो । वास्तविकतामा, जे भए तापनि, 'क' भन्ने भाइ गलत हुन सक्छ । त्यसैले आउनुहोस्, अब हामीले त्यो अवस्थालाई कल्पना गरौँ, जसमा र हेक सम्भावित दृश्य लेखलाई विचार गर्न सकिन्छ ।

यदि 'ख' भन्ने भाइले 'क' भन्ने भाइको बिरुद्धमा अपराध गरेको छ भनेर 'क' भन्ने भाइले स्वीकार गऱ्यो भने, उसले 'ख' भन्ने भाइको आँखामा भएको धुलोको कण भेट्टाउनको लागि उ आलोचित हुँदैन भनेर पहिले निश्चित हुनु पर्दछ (हेर्नुहोस् मत्ती ७:३-५) । यदि 'क' भन्ने भाइले विशेष अपराधको लागि 'ख' भन्ने भाइप्रति अप्रशन्न भएको आफूलाई पाउँदछ भने, उसले त्यो भाइसँग सामना गर्नु पर्दछ ।

उसले 'ख' भन्ने भाइलाई आफ्नो प्रेम प्रकट गर्दै प्रभु येशूको आज्ञालाई पालन गरेर व्यक्तिगत रूपमा यो काम गरेको हुनु पर्दछ । उसको अभिप्रायः प्रेम हुनु पर्दछ र मिलापको लक्ष्य उसले राखेको हुनु पर्दछ । उसले आफ्नो बिरोधी भाइको बारेमा अरु कसैलाई पनि भन्नु हुँदैन । "प्रेमले नै असंख्य पापहरू ढाक्दछ" (१ पत्रुस ४:८) । यदि हामीले कसैलाई प्रेम गर्दछौँ भने, हामीले उसका पापहरू प्रकट गरी दिदैनौँ, हामीले ढाकी दिनु पर्दछ ।

उसले गरेको सामना, आफ्नो प्रेम प्रकट गर्दै, भद्र खालको हुनु पर्छ । उसले यसरी भन्नु पर्दछ, "भाइ 'ख' म साँच्चै नै हाम्रो सम्बन्धलाई मुल्यवान ठान्दछु । तर कुनै कुरा भएको छ, जसले मेरो हृदयमा तपाईको बिरुद्धमा पर्खाल खडा गरी दिएको छ । त्यो पर्खाल त्यही भएको म चाहन्न र त्यसैले मैले तपाईंलाई तपाईंले मेरो बिरुद्धमा पाप गर्नु भएको छ भनेर मैले किन महसुस गरें भनेर बताउनै पर्दछ, जसले गर्दा हामी मिलापमा आउने काम गर्न सक्छौँ । अनि यदि यो समस्या ल्याउने मैले कुनै काम गरेको छु भने, तपाईंले मलाई भन्नुहोस् ।" अनि उसले भद्रताका साथ त्यो अपराध के हो भनेर 'ख' भन्ने भाइलाई बताई दिनेछ ।

धेरैजसो अवस्थाहरूमा 'ख' भन्ने भाइले 'क' भन्ने भाइको बिरुद्धमा अपराध गरेको छु भनेर महसुस गरेको हुँदैन, र जब उसले चाँडो गरी त्यो कुरा थाहा पाउँदछ, तब उसले क्षमा माँग्दछ । यदि त्यस्तो हुन्छ भने, 'क' भन्ने भाइले 'ख' भन्ने भाइलाई तुरन्तै क्षमा गरी दिई हाल्नु पर्दछ । अनि मिलापले स्थान लिएको हुन्छ ।

अर्को सम्भावित दृश्यलेख चाँहि यो हो, कि भाइ 'क' ले भाइ 'ख'प्रति गरेको अपराधको बारेमा भनेर 'ख' भन्ने भाइले उप्रति प्रमाणित गर्ने कोशिष गर्नेछ । यदि कुरा त्यस्तो हुन्छ भने, 'ख' भन्ने भाइले 'क' भन्ने भाइसँग पहिले नै त्यो कुराको बारेमा भनी सकेको हुनु पर्दछ । तर कम्तीमा पनि अब अन्तिममा केही भन्ने कुरा र मिलापको आशा हुन्छ ।

यस्तो अवस्थाहरूमा, पिडीत पक्षहरूले के भएको थियो भनी छलफल गर्नु पर्छ, हरेकले गल्ती वा दोष देखाई दिने प्रयत्न गर्नु पर्छ र एक-अर्काबाट क्षमा आदान-प्रदान गने कुरालाई अगाडि बढाउनु पर्दछ । त्यसो हुँदा मिलापको काम पूरा हुँदै गएको हुन्छ ।

तेस्रो दृश्यलेख चाँहि 'क' र 'ख' दुवै मिलाप गर्न असक्षम भएका हुन्छन् । त्यसैले गर्दा तिनीहरूलाई सहयोगको खाँचो हुन्छ, र दोस्रो कदममा जाने समय भनेको यही समय हो ।

Step Two
दोस्रो कदम

'क' र 'ख' दुवै भाइहरू मिलापको कदममा काम गर्नको लागि सहभागी भएका छन् भने त्यो एकदम राम्रो हुन्छ । काल्पनिक रूपमा भन्नुपर्दा, 'ग' र 'घ' भन्ने भाइहरूले 'क' र 'ख' भन्ने दुवै भाइहरूलाई चिनेको र तिनीहरूलाई प्रेम गरेको हुनु पर्दछ, र यसो हुँदा तिनीहरूमा पक्षपात भन्ने कुरा हुँदैन । अनि 'ग' र 'घ' भन्ने भाइहरूले 'क' र 'ख' भन्ने भाइहरूलाई प्रेम र आदरपूर्वक सम्झाउने काम गरेको हुनु पर्दछ । यदि 'ख' भन्ने भाइ यो बुँदामा आएर सहमत भएको छैन भने, एक वा दुईजना अरु सहायता पुऱ्याउन सक्ने व्यक्तिहरू खोज्ने कुरा 'क' भन्ने भाइमा भर पर्दछ ।

यदि 'ग' र 'घ' भन्ने भाइहरू बुद्धिमान छन् भने, तिनीहरूले 'क' र 'ख' भन्ने दुवै भाइहरूको मुख्य बिचारहरू नसुनीकन फैसला गर्दैनन् । 'ग' र 'घ' भन्ने भाइहरूले एकपल्ट फैसला गरी सकेपछि, 'क' र 'ख' भन्ने भाइहरूले तिनीहरूका निर्णयप्रति समर्पित भएर आफ्नो दोष स्वीकार गर्नु पर्दछ अनि क्षतिपूर्ति गर्ने काम गर्नु पर्दछ जुन कुरा एकजना वा अर्कोजना अथवा दुवैबाट माँग गरिन्छ ।

'ग' र 'घ' भाइहरूले 'क' र 'ख' भन्ने भाइहरूमध्ये एकजनाले मात्रै वास्तवमा पश्चाताप गर्नु पर्ने ठाउँमा दुवैजनालाई पश्चाताप गर्न लगाएर कम व्यक्तिगत जिम्मेवारी लिन र धेरै निस्पक्ष भएर देखा पर्नु कोशिष गर्नु हुँदैन । तिनीहरूलाई थाहा हुनु पर्दछ कि यदि 'क' वा 'ख' भन्ने भाइले तिनीहरूले गरेको फैसलालाई इन्कार गर्दछ भने, त्यो कुरा सम्पूर्ण मण्डलीको सामु ल्याउनु पर्दछ र तिनीहरूको कमजोर फैसला हरेकको निम्ति प्रमाण हुनेछ । सबैलाई तुलना गरेर 'क' र 'ख' दुवैसँगको तिनीहरूको मित्रतालाई व्यवस्थित गर्नको लागि 'ग' र 'घ'द्वारा सामना गरिएको यो परीक्षा, तिनीहरूले सत्यमा एकले अर्कालाई जसरी बलियो तुल्याउन सक्छन् त्यसरी नै दुईजना न्यायकर्ताहरू हुनु एकजना हुनुभन्दा उत्तम हो भन्ने कुराको लागि असल कारण हो । यसको अतिरिक्त, तिनीहरूको निर्णय 'क' र 'ख' को अगाडि ठूलो भारी बोक्नु झैँ हुन्छ ।

Step Three
कदम तीन

यदि 'क' र 'ख' ले 'ग र 'घ'को फैसलालाई इन्कार गरे भने, त्यो कुरालाई पूरै मण्डलीमा लैजानु पर्दछ । बैधानिक मण्डलीहरूमा यो तेस्रो कदम कहिले पनि गरिन्दैन– अनि असल कारणको लागि– अन्ततोगत्व यसको परणाम चाँहि मण्डलीमा मानिसहरू एकातिर लाग्ने गर्दछन् र मण्डलीमा बिभाजन आउँदछ । प्रभु येशूले घरेलु मण्डलीभन्दा ठूलो मण्डली भएको होस् भनेर स्थानीय मण्डलीको बारेमा कहिले विचार गर्नु भएको थिएन । 'क' र 'ख' भन्ने भाइहरूलाई हरेकले जान्ने र तिनीहरूलाई वास्ता पुऱ्याउन सक्ने यो सानो समूह भएको पारिवारीक वातावरणको मण्डली तेस्रो कदमको लागि विचार गरिएको धर्मशास्त्रीय अवधारणा हो । एउटै बैधानिक मण्डलीमा, 'क' र 'ख' दुवैलाई चिन्ने र तिनीहरूलाई प्रेम गर्ने मानिसहरू भएको सानो समूहको सन्दर्भमा यो तेस्रो कदमको प्रयोग गरिनु पर्दछ । यदि 'क' र 'ख' भिन्न–भिन्नै स्थानीय मण्डलीहरूको भए ती दुवै मण्डलीहरूका धेरै उत्तम सदस्यहरूले निर्णय गने झुण्डको रूपमा सेवा गर्नु पर्दछ ।

मण्डलीले एकपल्ट फैसला गरी सकेपछि 'क' र 'ख' भन्ने दुवै भाइहरूले त्यसमा अवाज्ञाको परिणाम के हुन्छ भनेर जानीकन समर्पित भएको हुनु पर्दछ । आफ्नो गल्ती स्वीकार्ने, क्षमा माँग्ने, र मिलाप गर्ने काम भएकै हुनु पर्दछ ।

आफ्नो गल्ती स्वीकार गर्नु पर्ने कुराको माँगलाई यदि 'क' वा 'ख' भन्ने भाइले इन्कार गर्दछ भने, उसलाई मण्डलीबाट निस्कासन गरिनु पर्दछ र मण्डलीभित्रकाहरू कसैले पनि उसँग कहिले संगति गर्नु हुँदैन । यो समयदेखि प्रायः त्यो अपश्चातापी व्यक्ति आपसे आफ हटेर जानेछ र यदि त्यो व्यक्तिले प्रकृयाको कुनै पनि कदममा आफ्नो कुरालाई छोड्दैन भने, उसलाई त्यसै गरिनेछ । यस कुराले उसले आफ्नो आत्मिक परिवारलाई प्रेम गर्नको लागि उसको शुद्ध समर्पणताको अभाव रहेछ भन्ने कुरालाई प्रकट गर्दछ ।

A common Problem
सामान्य समस्या

बैधानिक मण्डलीहरूमा, मानिसहरूले एउटा मण्डलीलाई छाडेर अर्को मण्डलीमा गएर आफ्नो झगडाको समस्याको समाधान सामान्य तवरले गरी हाल्दछन् , जहाँ पाष्टरले आफ्नै राज्य जुनसुकै मुल्य चुकाएर भए पनि निर्माण गर्न चाहन्छन् र जसको अरु पाष्टरहरूसँग साँचो रूपमा सम्बन्ध नै हुँदैन, र तिनीहरूले त्यस्तो प्रकारका मानिसहरूलाई स्वागत गरी हाल्दछन् र तिनीहरूसँग आफ्नो कुराहरू राख्दछन् । यस्तो प्रकारको नमूनाले खीष्टको मिलाप सम्बन्धी गरि एका आज्ञाहरूलाई प्रभावकारी रूपमा निस्प्रभाव पारी दिन्छन् । अनि सामान्य रूपमा, केही महिना वा वर्षपछि त्यस्तो प्रकारको पाष्टरले स्वागत गरेको त्यो व्यक्तिले उसको मण्डलीमा पनि त्यस्तै गरेर त्यो मण्डली पनि छाडेर अर्को मण्डली गई हाल्दछ ।

घरहरू आट्ँने खालका साना-साना मण्डलीहरू हुन् भन्ने प्रभु येशूले अपेक्षा गर्नु भएको थियो, अनि स्थानीय पाष्टरहरू/एल्डरहरू/ र बिशपहरूले एउटै शरीरमा काम गर्नेछन् भन्ने उहाँ चाहनु हुन्थ्यो । यसरी एउटा मण्डलीको बहिस्कार गरिएको सदस्य प्रभावकारी रूपमा सबै मण्डलीहरूबाट बहिस्कृत नै हुनेछ । हरेक पाष्टर/एल्डर/ र बिशपको काम यदि कोही ख ीष्टियन आफ्नो मण्डलीमा आउँदैछ भने उसको मण्डलीको पृष्ठभूमिको बारेमा सोधेर त्यस व्यक्तिलाई स्वागत गर्ने कि नगर्ने भनेर उसको पहिलेको मण्डलीको अगुवाहरूलाई सम्पर्क गरी सोध्ने उत्तरदायित्व हो ।

God's Intention for a Holy Church
पवित्र मण्डलीको लागि परमेश्वरको मनसाय

बैधानिक मण्डलीमा हुने अर्को सामान्य समस्या चाँहि के हो भने तिनीहरू प्रायः गरेर धेरै मानिसहरूले भरिएको हुन्छन् जोहरू कोहीप्रति जिम्मेवारी छन् कि छैनन् भनेर सानो कुराको लागि पनि देखाउनको लागि नै भए पनि उपस्थित हुने गर्दछन् । किनभने तिनीहरूका सम्बन्धहरू स्वभावैले शुद्ध रूपमा सामाजिक खालको मात्र हुन्छन् । त्यसरी कोही पनि बिशेष गरेर पाष्टरहरू, तिनीहरूले आफ्नो जीवन कसरी जिउँदछन् भनेर जान्दैनन् र अपवित्र मानिसहरूले निरन्तर रूपमा तिनीहरू उपस्थित हुने मण्डलीमा कलंक लगाउने काम गर्दछन् ।

अनि त्यसपछि बाहिरकाहरूले खीष्टियनहरूलाई अन्यजातिहरूभन्दा भिन्नै खालको रहेनरहेछन् भनी न्याय गर्दछन् ।

बैधानिक मण्डलीहरूको यस प्रकारको बनौटले नै जोसुकैलाई पनि यही कुराले परमेश्वरको पवित्र मण्डलीको लागि उहाँको मनसाय बैधानिक मण्डली होइन रहेछ भन्ने कुराले प्रमाणित गरिदिन्छ । अपवित्र र कपटी खालका मानिसहरू सँधै ठूला-ठूला बैधानिक मण्डलीहरूमा खीष्टको नाममा कलंक ल्याउन लुकिरहेका हुन्छन् । तर पनि हामीले मत्ती १८:१५-१७ मा हामीले पढेको कुराबाट यो थाहा पाउँदछौ, प्रभु येशूले स्पष्ट रूपमा उहाँको मण्डली पवित्र मानिसहरूले भरिएको होस् भन्ने चाहनुहुन्छ जहाँ शरीर आफै शुद्ध भएको समर्पित सदस्यहरू हुन्छन् । संसारले मण्डलीलाई हेर्दछ र उहाँको शुद्ध दुलहीलाई देख्दछ । आज तिनीहरूले महान वेश्यालाई देखिरहेका छन् , जो आफ्नो पतिको लागि विश्वासघाती भएकी छे ।

मण्डलीको स्वःशुद्धता सम्बन्धी यो ईश्वरीय अवधारणा पावलले कोरिन्थमा भएको मण्डलीको आलोचनात्मक अवस्थालाई सम्बोधन गर्दा प्रमाणित भएको थियो । शरीरको एउटा ग्रहणयोग्य अंग वास्तवमा आफ्नै सौतेनी आमासँग व्यभिचारको सम्बन्धमा जिइरहेको थियोः

"तिमीहरूका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएकोछ, यस्तो व्यभिचार जो अन्यजातिहरूमा पनि हुँदैन । तिमीहरूमध्ये कुनै एकजनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ रे । तिमीहरू चाँहि घमण्ड गर्छौ, तिमीहरूले त शोक गर्नु पर्ने थिएन र ? यस्तो काम गने लाई तिमीहरूका बीचबाट हटाओ/किनकि म शरीरमा उपस्थित नभए पनि, आत्मामा म तिमीहरूसँग छु , म उपस्थित भएझैँ गरी यस्तो काम गर्नेको न्याय मैले गरी सकेको छु । जब तिमीहरू हाम्रा प्रभु येशूको नाउँमा भेला हुन्छौ र म आत्मामा तिमीहरूसँग उपस्थित हुन्छु , अनि हाम्रा प्रभु येशूको शक्ति त्यँही हुन्छ त्यस मानिसलाई शैतानको हातमा सुम्पी देओ, ताकि त्यसको पापमय स्वभाव नाश होस् , अनि प्रभु येशूको दिनमा त्यसको आत्मा चाँहि बाँचोस् ... मैले मेरो पत्रमा तिमीहरूलाई व्यभिचारीहरूको संगत नगर्नु भनेर लेखेको थिएँ, त्यसको अर्थ, यस संसारका व्यभिचारीहरू, लोभीहरू वा लूटाहाहरू वा मूर्तिपूजकहरूसँग बिल्कुलै संगत नगर्नु भनेको होइन, नत्रता तिमीहरू संसारबाटै निस्किजानु पर्थ्यो, तर यस्ताको संगत नगर्नु भनेर मैले तिमीहरूलाई लेखेँ, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ, तर वास्तवमा व्यभिचारी, वा लोभी वा मूर्तिपूजक वा निन्दा गर्ने वा मतवाला वा लूटाहा हो, त्यस्तो मानिससँग त खान पनि नबस । किनकि बाहिरकाहरूको इन्साफ गर्न मलाई के खाँचो ? के तिमीहरूले मण्डली भित्रकाहरूको न्याय गर्नु पर्दैन र ? बाहिरकाहरूको न्याय परमेश्वरले नै गर्नु हुन्छ । तिमीहरूले आफ्नो बीचबाट दुष्ट मानिसहरूलाई निकाली देओ" (१ कोरिन्थी ५:१-५, ९-१३) ।

त्यो मानिसलाई मिलापका कदमहरूद्वारा लिनु आवश्यक थिएन किनभने त्यो साँचो विश्वासी होइन भन्ने कुरा पक्का भएको थियो । त्यसैले आफूलाई "विश्वासी भाइ हुँ" भन्थ्यो तर वास्तवमा त्यो "दुष्ट मानिस" थियो भनेर पावलले स्पष्ट रूपमा भनेका छन् । यसको अतिरिक्त पछिल्ला केही पदहरूमा पावलले लेख्दछन् ,

"अथवा अधर्मीहरू परमेश्वरको राज्यका हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन ? धोखा नखाओ– अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गी, पुरुषगामीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुने छैनन्" (१ कोरिन्थी ६:९-१०) ।

स्पष्ट रूपमा, कोरिन्थको मण्डलीमा भएको मानिसझैँ जोहरू अनैतिक छन् , तिनीहरूले तिनीहरूको विश्वासको झूटो कुराहरू गरेर धोखामा परेका हुन्छन् भनेर पावलले ठीकसँगले विश्वास गरेका थिए । त्यस्तो प्रकारका मानिसहरूलाई भाइहरूको रूपमा व्यवहार गर्नु हुँदैन र त्यस्ताहरूलाई मिलापको चौथो कदममा पनि ल्याउनु हुँदैन । तिनीहरूलाई बहिस्कार गरेर "शैतानको हातमा सुम्पिदिनु" पर्दछ, जसले गर्दा मण्डलीले आफूलाई धोकामा पार्नु पर्दैन र त्यसले गर्दा प्रभु येशूको दिनमा उद्धार पाउन" को लागि (१ कोरिन्थी ५:५) तिनीहरूले पश्चातापको खाँचोलाई देख्नेछन् भन्ने आशा गर्न सकिन्छ ।

आज संसारभरि भएका ठूला-ठूला मण्डलीहरूमा, कहिले–काँही सयौँ मानिसहरूले आफूलाई खीष्टियन भनेर त भन्दछन् , जोहरू बाइबलीय तवरले हेर्नु हो भने, विश्वासीहरू होइनन् र तिनीहरूलाई वास्तवमा बहिस्कार गरिएको हुनु पर्छ । धर्मशास्त्रले हामीलाई स्पष्ट रूपमा देखाउँदछ, कि मण्डलीबाट पश्चाताप नगरेका अनैतिक, व्यभिचारी, समलिङ्गी, मतवालाहरू र त्यस्तै अरु कार्यहरू गर्नेहरूलाई हटाउनको लागि मण्डलीको जिम्मेवारी हो । तर पनि यस्ता मानिसहरूले, अनुग्रह" को झण्डामुनि आज पनि मण्डलीको समर्थन झुण्डमा स्थान पाएका छन् जहाँ त्यस्तै प्रकारको समस्या भएका अरु "विश्वासीहरू" द्वारा तिनीहरूले उत्साह पाउन सक्छन् । यो प्रभु येशू खीष्टको सु-समाचारको जीवन परिवर्तन गर्ने शक्तिको लागि एउटा लाजमर्दो कुरा हो ।

Fallen Leaders
पतन भएका अगुवाहरू

अन्तमा, यदि एउटा गम्भीर छापमा पतन भएको (जस्तै व्यभिचारमा फँसेको) अगुवाले पश्चाताप गऱ्यो भने के त्यसले आफूले गुमाएको उसको पदमा पश्चाताप गर्ने बित्तिकै तुरन्तै उ पुनर्स्थापित हुनु पर्छ ? प्रभुले पश्चाताप गर्ने अगुवालाई तुरन्तै क्षमा गरी दिइहाल्नु भए तापनि (अनि मण्डलीले पनि क्षमा गरी दिइहाले तापनि) त्यो पतन भएको अगुवाले उसले सेवकाई गरेका मानिसहरूबाट त्यो विश्वासलाई गुमाएको हुन्छ । भरोसा त्यो चीज हो जसलाई कमाइएको हुन्छ । त्यसैकारण, पतन भएका अगुवाहरू स्वयंले तिनीहरूको अगुवापनको स्थानलाई छोड्नु पर्दछ र तिनीहरूले आफ्नो भरोसालाई फेरि पनि प्रमाणित नगरुन्जेलसम्म कुनै आत्मिक व्यक्तिलाई त्यो पद सम्हाल्नको लागि सुम्पी दिनु पर्दछ । तिनीहरूले त्यो काम गरी हाल्नु पर्छ । भरोसालाई पुनः प्राप्त गर्नको लागि नम्र भएर सानो तरिकामा सेवा गर्नलाई जोहरूले इच्छा गर्दैनन् तिनीहरूलाई मण्डलीको कसैले पनि अगुवाको रूपमा मानिलिनु हुँदैन ।

In Sunmmary
सारांशमा

अर्ती दिन, हप्काउन, सत्साह दिन र धैर्यमा र शिक्षा दिने कुरामा नचुक्नको लागि बोलाइएका चेला बनाउने सेवकहरूले (२ तिमोथी ४:२) हाम्रो बोलावटको निम्ति शर्म नमानौँ) । सँधै कृपा देखाउने हुनु, आवश्यक परेको बेलामा भद्रताकासाथ सामना गर्न, आवश्यक परेको

बेला सामना गर्नको लागि अरुहरूको सहायता लिन, र क्षमा माँग्दा क्षमा दिएर एक–अर्कालाई साँचो रूपमा प्रेम गर्नको लागि हाम्रा चेलाहरूलाई सिकाऔं । टुटेको सम्बन्धलाई साँचो रूपमा चँगाई नल्याउने झूटो प्रकारको क्षमाभन्दा यो कति उत्तम कुरा हुँदछ । अनि प्रभुको मण्डलीलाई शुद्ध र पवित्र राख्न र उहाँको नाउँको प्रशंसा गर्नको लागि हरेक परिप्रेक्षमा उहाँको आज्ञापालन गर्नको लागि प्रयत्न गरौं ।

सामना गर्ने र मण्डलीको अनुशासनको सम्बन्धमा अधीक अध्ययन गर्नु परेमा, हेर्नुहोस् रोमी १६:१७-१८, २ कोरिन्थी १३:१-३, गलाती २:११-१४, २ थिस्सलोनिकी ३:६, १४-१५, १ तिमोथी १:१९-२०, ५:१९-२०, तितस ३:१०-११, याकूब ५:१९-२०, २ यूहन्ना १०-१० ।